"लम्कीचुहा नगरपालिकाको समृद्धिको आधार : शिक्षा, कृषि, पर्यटन र पूर्वाधार"

# लम्कीचुहा नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम

**१५ औं नगरसभा अधिवेशनका उपाध्यक्षज्यू,**
**सभाका सदस्यज्यूहरु,**
**सभाका सचिव ज्यू,**
**नगरपालिकाका विभिन्न शाखा तथा अन्तर्गतका कार्यालयमा कार्यरत कर्मचारीहरु,**
**संचारकर्मी साथीहरु तथा सम्पूर्ण नगरबासी महानुभावहरु,**

लम्कीचुहा नगरपालिकाको **१५ औं नगरसभा अधिवेशन**को पहिलो बैठकमा उपस्थित सम्पूर्ण महानुभावहरुलाई सर्वप्रथम हार्दिक स्वागत गर्दछु ।
लम्कीचुहा नगरपालिकाको नगर प्रमुखको हैसियतले यहाँहरु सामु लम्कीचुहा नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न यस सम्मानित नगरसभामा उपस्थित भएको छु ।

ऐतिहासिक संविधान सभाबाट निर्मित नेपालको संविधानमा व्यवस्था भए बमोजिम लम्कीचुहा नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम पेस गर्न पाउँदा मैले आफूलाई गौरवान्वित महसुस गरेको छु । लम्कीचुहा नगरपालिका निर्माणको अभिभारा हामी सबैलाईप्रदान गरी यस सुन्दर नगरी लम्कीचुहाको सेवा गर्ने र समृद्ध नगर निर्माण गर्ने अवसर प्रदान गर्नु हुने सम्पूर्ण नगरवासी आमा-बुबा, दाजु-भाइ, दिदी-बहिनी सबैलाई हामी सबैको तर्फबाट हार्दिक धन्यवाद प्रकट गर्दछु ।
यस अवसरमा नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान र नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन ब्यवस्थाका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात सहिदहरूप्रति उच्च सम्मान प्रकट गर्दै हार्दिक श्रदाञ्जली व्यक्त गर्दछु ।
विभिन्न राजनीतिक आन्दोलनमा घाइते तथा वेपत्ता हुनुभएका आन्दोलनका मूर्धन्य योद्धा, नागरीकहरूप्रति उच्च सम्मान प्रकट गर्दछु । यसै गरी राष्ट्रियता, लोकतन्त्र, गणतन्त्र र जनजीविकाको आन्दोलनको नेतृत्व गर्नुहुने सम्पूर्ण अग्रजहरूप्रति उच्च सम्मान प्रकट गर्दछु । उहाँहरूले पुऱ्याउनु भएको योगदानको स्मरण गर्न चाहन्छु ।

**आदरणीय यस गरिमामय सभाका सदस्यज्यूहरु,**

आर्थिक वर्ष २०८२/०८३को नीति तथा कार्यक्रमको लक्ष्य **"लम्कीचुहा नगरपालिकाको समृद्धिको आधार:शिक्षा, कृषि, पर्यटन र पूर्वाधार"**भन्ने रहेको जानकारी गराउन चाहन्छु ।
स्थानीय तहको दोस्रो कार्यकालको नेतृत्व गर्ने अवसर प्राप्त भएसँगै सीमित बजेटबाट असीमित आर्थिक र सामाजिक क्षेत्रका चुनौतीहरुलाई सम्बोधन गर्न नगरभित्रका अत्यावश्यक पूर्वाधार निर्माण तथा सुधार गरी आम नागरीकमा आत्मविश्वास र आशा जगाउँदै हाम्रो तीन वर्षको कार्यकाल सफलतापूर्वक सम्पन्न भएको छ । हामीले कार्यभार सम्हालेको ३ वर्षको अन्तरालमा प्राप्त उपलब्धिहरु उत्साहजनक छन् । हाम्रा आवश्यकताहरु असीमित छन् । हाम्रो स्रोत साधन सीमित छ, तर पनि हामी हाम्रो नगरपालिकालाई सुखी र समृद्ध बनाउन कटिवद्ध भई सही दिशातर्फ अघि बढिरहेका छौं ।

मैले यस अवसरमाआर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम तयार गरी रहँदा समावेशी, समतामूलक, स्वच्छ हराभरा र समृद्द लम्कीचुहा नगरपालिकाको भावी तस्विरलाई झलझली सामुन्नेमा स्मरण गरेको छु ।

हाम्रो नगरपालिका लोकतन्त्रका आधारभूत मूल्यमान्यता,बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, मानव अधिकार, सामाजिक न्याय, सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसात् गर्दै विधिको शासनप्रति पूर्णप्रतिबद्ध छ । लोकतन्त्रलाई सामाजिक जीवन पद्धतिको रुपमा स्थापित गर्ने कुरामा नगर सरकार हरपल प्रयत्नशील छ । शासकीय व्यवस्थामा आएको परिवर्तनको अनुभूति सबै नगरबासीले गर्न सकुन् भन्नेमा हामीहरु अत्यन्त सचेत छौं ।

यस नीति तथा कार्यक्रममा लोकतान्त्रिक मूल्यमान्यता, मानव अधिकार, सुशासन, सामाजिक न्याय र सामाजिक संरक्षण, संघ, प्रदेश र स्थानीय तहको अधिकारक्षेत्रको सीमा र सम्बन्धहरुलाई अवलम्बन गर्दै गत विगतमा लिइएका महत्वपूर्ण नीति र सञ्चालनमा रहेका गौरवका योजना र कार्यक्रमलाई निरन्तरता दिँदै हाम्रै पुस्ताले महसुस गर्ने गरी नगरक्षेत्रमा शान्त एवं सुन्दर आवास, शहरी एवं व्यावसायिक क्षेत्रमा उद्यमशीलता विकास, वातावरणमैत्री विकास, आधुनिक जीवनशैली, प्रविधिसहितका सडक पूर्वाधार, नवीनतम

सूचना प्रविधिमा सबै नागरीकहरुको पहुँच सहितको **सफा, स्वच्छ, सुन्दर : समृद्धर सुखी लम्कीचुहा नगर** बनाउने परिकल्पना गरेको छु ।

सीमित स्रोतसाधनको सदुपयोग गर्दै नगरवासीका इच्छा, आकांक्षा र कल्पना गरीएका योजनाहरु क्रमशः पूरा गर्दै जानु हाम्रो कर्तव्य सम्झेको छु । नगरको आर्थिक सामाजिक, भौगोलिक, तथा सांस्कृतिक विविधतालाई आत्मसात् गर्दै सन्तुलित र समन्यायिक विकासको बाटोमा अघि बढ्न नगर सरकार दृढ छ ।आगामी दिनमा नगरको समृद्धि र नगरबासीको खुसीको लागि यहाँहरु सँगकै सहकार्यमा रचनात्मक काम गर्ने प्रतिवद्धता व्यक्त गर्दछु ।

**आदरणीय नगरसभाका सदस्यज्यूहरु !**

अब म आर्थिक वर्ष २०८२/०८३मा कार्यान्वयन हुने नीतिगत व्यवस्था र यस नीति तथा कार्यक्रम तय गर्दा अपनाइएका प्राथमिकताहरु प्रस्तुत गर्न चाहन्छु ।

**नीतीगत व्यवस्थाहरुः**

१. नेपालको संविधानको अनुसुची ८ र ९ ले निर्दिष्ट गरेका स्थानीय तहका एकल तथा साझा अधिकारहरु, मौलिक हकहरु, राज्यका नीति तथा निर्देशक सिद्धान्तहरु ।
२. संघीय सरकारले अङ्गीकार गरेको सोह्रौं आवधिक योजनाले निर्धारण गरेका लक्ष्य, नीति तथा प्राथमिकताहरु ।
३. संघीय सरकारले अङ्गीकार गरेका आर्थिक तथा वित्तीय नीतिहरु ।
४. सुदूरपश्चिम प्रदेश सरकारले अङ्गीकार गरेका आर्थिक तथा वित्तीय नीतिहरु ।
५. स्थानीय सरकार सञ्चालन ऐन २०७४ (संशोधन सहित) ।
६. संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त बजेट र सो बजेटको साथमा प्राप्त बजेट तर्जुमा गर्दा लिनुपर्ने आधारहरु ।
७. राजनीतिक दलहरुबाट प्राप्त सुझावहरु ।
८. सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत प्राप्त सुझावहरु ।
९. राजस्व परामर्श समितिको सिफारिस ।
१०. स्रोत अनुमान तथा बजेटसीमा निर्धारण समितिको स्रोत तथा बजेट अनुमानहरु र सो समितिले दिएका सुझाव र सिफारिसहरु ।
११. नगरपालिकाका विभिन्न विषयगत समितिका सिफारिसहरु ।
१२. नगर कार्यपालिकाले निर्णय गरी तोकेका आधारहरु ।
१३. विभिन्न विषयगत विज्ञहरुसँग छलफल गर्दा प्राप्त सुझावहरु र आम नागरीकका सुझावहरु ।
१४. नेपाल सरकारले प्रतिबद्धता जनाएका दिगो विकासका लक्ष्यहरु ।
१५. नगरपालिकाबाट विगतमा स्वीकृत भएका ऐन र नियमावली, नीति, कार्यविधिहरु ।
१६. विकास साझेदार संघसंस्थाका राय, सल्लाह र सुझावहरु ।

**नीति तथा कार्यक्रमका प्राथमिकताका क्षेत्रहरुः**

कृषि प्रणाली तथा सहकारी, पर्यटन, मानव पुंजी निर्माण, पूर्वाधार निर्माण तथा दिगो विकास, उद्यम, स्वरोजगारी, सामाजिक विकास तथा गरीबी निवारण, सूचना प्रविधि तथा सञ्चार क्षेत्र विकास, जनशक्ति परिचालन तथा सुशासन, सांस्कृतिक क्षेत्रको प्रवर्द्धन, तथा वातावरण, पर्यावरणको रक्षा, खानीजन्य पदार्थको संरक्षण, प्राकृतिक विपद व्यवस्थापन, पूर्वतयारी, पुनर्स्थापना, पुनर्निमाण, अशक्त, असहाय, गरीब, अतिविपन्न, अपाङ्ग, गर्भवती महिला, ज्येष्ठ नागरीक, जस्ता व्यक्तिहरुलाई राहतका कार्यक्रमहरुलाई प्राथमिकताका क्षेत्रमा समावेश गरीएको छ ।

**आदरणीय नगरसभाका सदस्यज्यूहरु,**

अब म यस लम्कीचुहा नगरपालिकाको आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि विषयगत समितिहरुबाट अनुमोदन भई आएका क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छुः-

<u>आर्थिक विकास क्षेत्रतर्फ</u>

क. **कृषि तथा पशुपंछी विकास**

१. लागत साझेदारीमा कृषि यान्त्रीकरण गर्दै निर्वाहमुखी कृषिबाट व्यावसायिक कृषि गर्न आम कृषकहरुलाई प्रोत्साहित गरिनेछ ।

२. किसान सुचिकरण कार्यक्रमलाई निरन्तरता दिदै किसानहरुको पहिचान गरी किसान परिचय पत्र वितरण गरिनेछ ।

३. निशुल्क बालि शिविर, माटो जाँच शिविर संचालन गरी माटोको जैविक गुणमा ह्रास आउन नदिन गड्यौला पालन तथा प्राङ्गारिक मलको प्रयोगलाई अघि सारिनेछ ।

४. कृषि उत्पादनमा जोड दिई कृषिलाई आधुनिकीकरण, व्यावसायीकरण, विविधीकरण र बजारीकरणगर्दै**एक वडा एक उत्पादन** कार्यक्रम लागु गरिनेछ ।

५. खाद्यान्न बालिहरुको विउ उत्पादन गर्न बिउ बिजन उत्पादन तथा भण्डार गृह निर्माण गरी किसानहरुलाई गुणस्तरीय बिउ उपलब्ध गराईनेछ, जस्का लागि प्रदेश र संघ सरकार संघ समन्वय गरिनेछ ।

६. व्यवसायिक खेतिलाई कृषि मेसिनरि संग जोड्दै कस्टम हायरिङ्ग सेन्टर स्थापनाका साथै, कृषि उपजहरुको बजारिकरणको सहजताको लागि कृषि एम्बुलेन्स सन्चालन गरिनेछ ।

७. आवश्यक स्थानमा कृषि हाटबजार जस्ता पूर्वाधारको निर्माणसँगै कृषि उत्पादनको खरिद, भण्डारण, विक्री वितरण गर्ने र बजार व्यवस्थापन गर्ने कार्य गरिनेछ ।

८. नगर क्षेत्रभित्र कृषक पाठशालाको स्थापना गरीनुका साथै **नगर उपप्रमुखसँग कृषक भेटघाट कार्यक्रम** सञ्चालन गरिनेछ ।

९. पशुपंछीमा लाग्ने रोग पहिचान तथा रोग नियन्त्रणका लागि पशु स्वास्थ्य प्रयोगशाला स्थापना गरिनेछ ।

१०. पशु नश्ल सुधार कार्यक्रम अघि बढाई कृषि तथा पशु वीमा कार्यक्रम कार्यविधि बनाई लागु गरिनेछ । जंगली जनावर तथा पशुपंक्षी व्यवसाय गर्ने व्यक्ति तथा फर्मलाई प्रोत्साहन गर्ने कार्यक्रम अघि बढाइनेछ र छाडा पशु चौपायाको व्यवस्थापन गरीने छ ।

११. लम्कीचुहा नगरपालिका क्षेत्रभित्र उत्पादन हुने हरियो तरकारी, ताजा फलफूल तथा अन्नहरुलाई सुरक्षित भण्डार गर्न लम्कीचुहा नगरपालिका, प्रदेश सरकार तथा संघीय सरकारको अनुदान र सहकार्यमा शीतभण्डार गृह तदारुकताका साथ निर्माण गरिनेछ ।

१२. कृषि क्षेत्रमा हुनसक्ने सम्भावित विपदलाई न्यूनीकरण गर्नका लागि कृषकहरुलाई कृषि बिमामा आवद्ध गराइनेछ ।

१३. गुणस्तरीय विउविजनको प्रयोग गरी उत्पादन बढाउन बिउ बिजन कम्पनी स्थापना गरीने र बिउबिजन बृद्धि गर्ने किसानहरुलाई प्रोत्साहित गरिनेछ ।

१४. सिँचाई सुविधा नपुगेको क्षेत्रमा सिचाईको सुविधा पुऱ्याई चक्लाबन्दी तथा करार खेतिमा जोड दिईनेछ ।

१५. **"म गर्छु कृषि : कहीं जान्न मेरो देशलाई बिर्सी"** भन्ने भावनालाई आत्मसात् गर्दै स्वदेशमै कृषि उद्यम गर्न चाहने युवाहरुलाई प्रोत्साहित गर्न उनीहरुको कृषिफर्मको व्यवसाय दर्तामा लाग्ने शुल्क शतप्रतिशत छुट दिने नीति अवलम्बन गरिनेछ ।

१६. फलफूल खेतीलाई प्रोत्साहन गर्न **एक घर दुई विरुवा कार्यक्रम** संचालन गरिनेछ ।

१७. कृषी तथा वेमौसमी तरकारी सम्बन्धि विभिन्न तालिमहरु संचालन गरीने छ साथै संरक्षित खेति तथा बमौसमी खेतिमा प्रोत्साहन गरिनेछ ।

१८. राष्ट्रिय धान दिवस कार्यक्रमलाई निरन्तरता दिनुका साथै उत्कृष्ट कृषकहरुलाई सम्मान तथा प्रोत्साहन गरिनेछ ।

१९. नगर क्षेत्रभित्रका पशु विकास फर्महरु मासु, दुध, अण्डा र माछा लगायतका व्यवसायमा र विभिन्न बाली वस्तुको उत्पादनमा सुधारका लागि कार्यविधि बनाई उत्पादनका आधारमा अनुदानको व्यवस्था गरिनेछ । पशुपंछी पालन व्यवसायलाई प्रभावकारी बनाउन सुलभ ऋण कार्यक्रम संचालन गरिनेछ ।

२०. **प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत संचालित कृषि पकेट कार्यक्रमलाई निरन्तर दिदैं नगर प्रमुख कृषि पकेट क्षेत्र** निर्धारण तथा **नगर प्रमुखसंग किसान कार्यक्रम** लाई प्रभावकारी बनाई **"बाँझो छोडी गाउँको खेतबारी, नजाऊ विदेश खोज्न रोजगारी"** भन्ने भावनाको विकास गरी खेतीयोग्य जमिन बाँझो रहन नदिने नीति लिइनेछ ।

ख. **सिचाइँ**

२१. **रानी जमरा कुलरिया सिचाइँ आयोजना** अन्तर्गतका कार्यक्रमहरु आयोजनासँग समन्वय गरी भरपूर लाभ लिने उद्देश्यले कार्यक्रम सञ्चालन गरिनेछ। सिंचाइँ सुविधाको लागि आवश्यक स्थानमा डिपबोरिङ्ग र स्यालो ट्युवेलहरु अनुदानमा वितरण गरिनेछ। वडा नं. ९ मा रहेको धोबिया सिचाइँ आयोजनाका लागि मर्मत सम्भारको पहल गरिनेछ।

२२. **नगरप्रमुख सिचाइँ कार्यक्रम** अन्तर्गत विविध कारणले बन्द भइरहेका परम्परागत पुराना मौजा सिचाइँ प्रणाली अन्तरगतका कुलाहरु मर्मत तथा निर्माण गर्न आवश्यक व्यवस्था गरिनेछ।

### ग सहकारी तथा गरीबी निवारण

२३. प्रत्येक सहकारीको लेखा प्रणालीमा एकरुपता ल्याउन प्रविधिमैत्री लेखा प्रणाली र **COPOMIS** सम्बन्धि तालिमको व्यवस्था गरिनेछ। नगरपालिका मातहतमा रहेका सहकारी संस्थाहरुको अवस्था हेरी एकीकरण र खारेजीको नीति अवलम्बन गरिनेछ।

२४. विद्युत सहकारी संस्था लगायत सहकारी संस्थाहरुको सुदृढीकरण, विकास र प्रवर्द्धनका लागि अनुगमन, निरीक्षण, नियमन र नियन्त्रण गरिनेछ।

२५. सहुलियत कर्जाका लागि लक्षित वर्ग कार्यक्रमलाई निरन्तरता दिइनेछ।

### घ उद्योग, वाणिज्य तथा आपूर्ति

२६. लम्कीचुहा नगरपालिकाभित्र **डुँडेझारी औद्योगिक ग्राम**को स्थापना गर्न सुदूरपश्चिम प्रदेश सरकारको पूर्वाधार विकास कार्यक्रममा हातेमालो गर्न पहल गरिनेछ।

२७. लक्षित वर्गलाई सामूहिक लघु उत्पादनमा जोड दिँदैसीप विकास तालिम र रोजगारी एंव आयआर्जन सम्बन्धि विशेष कार्यक्रममा समावेश गरिनेछ। **युवा प्रतिभा उद्यमीको खोजी** कार्यक्रम सञ्चालन गरिनेछ र अनुसन्धानमूलक युवा उद्यमशीलता कार्यक्रमको प्रबन्ध गरिनेछ।

२८. नगर क्षेत्रभित्रका विपन्न दलित आदिवासी जनजाति र मुक्तकमैयाहरुलाई लक्षित गरी **गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा)** लाई निरन्तरता दिइनेछ।

२९. लम्कीचुहा उद्योग वाणिज्य संघको भवन निर्माण कार्यको लागि आवश्यक बजेट अनुदानको व्यवस्था गरिनेछ।

### ङ संस्कृति तथा पर्यटन

३०. लम्कीचुहा नगरपालिका वडा नं २ र ५ मा अवस्थित **मोहनलाल नगर उद्यान (पार्क)** निर्माणलाई योजनामा समावेश गरी आवश्यक बजेटको व्यवस्था गरिनेछ।

३१. **वि. पि. साहित्यिक पार्कको स्तरोन्नती गर्ने र मंगलादेवी स्मृती पार्क**को निर्माण कार्य संचालन गरिनेछ। एवं **विपी सामुदायिक पुस्तकालय**को स्थापना गर्न पहल गरिनेछ।

३२. **कैलाशधाम धार्मिक क्षेत्र**लाई यथाशीघ्र निर्माण सम्पन्न गरी धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ।

३३. नगरपालिकामा रहेका पर्यटकीय स्थलहरुको पूर्वाधार निर्माण, होमस्टे सञ्चालन, ध्यान केन्द्र, योग केन्द्र, सांस्कृतिक अध्ययन केन्द्र र कला केन्द्र आदिको विकासमा जोड दिइनेछ।

३४. नगरभित्रका मठ-मन्दिर, बौद्धविहार, गुम्बा, मस्जिद, चर्च, देउथान/मरुवा तथा सबै जात-जाति तथा धर्मका धार्मिक क्षेत्रहरुलाई पर्यटन आकर्षण केन्द्रका रुपमा विकास गरिनेछ।

३५. प्राकृतिक, धार्मिक तथा सांस्कृतिक पर्यटन स्थलसम्म जाने सडक सञ्जालको विकास गरिनेछ।

३६. कर्णाली नदीमा र्‍याफ्टिङ सञ्चालनलाई व्यवस्थित गरिनेछ।, चिसापानी-राजकाँडा केबलकारको उचित व्यवस्थापनमा जोड दिई **बसेरा होमस्टे**लाई थप व्यवस्थित गरिनेछ। साथै साहसिक पर्यटनको सम्भाव्यताको अध्ययन गरी कार्यक्रम बनाउने नीति लिइनेछ।

३७. चिसापानीमा बुद्ध प्रतिमाको स्थापना गरीने तथा शिव प्रतिमाको स्थापना भएका स्थानमा वृहत्तर पार्क निर्माण गरीने छ।

३८. परम्परागत गीत संगीतहरुको संरक्षण गर्न देउडा गीत, ठाडी भाका, न्याउले गीत, सखिया नाच, मुगरवा नाच, झुमरा नाच, हुड्केउली, भारत, कर्का, वंशावली, रोपाइँ गीत, होली गीत, गर्रा नाच, पैंसेरी, मारुनी, चुट्का, भजन कीर्तन, भुवा नाच आदिको संरक्षण तथा संवर्द्धन गरिनेछ।

३९. प्रतापपुरमा रहेको ग्रीन-शो नेपालको जीर्ण भवनलाई मर्मत सम्भारको लागि आवश्यक अनुदान दिइनेछ।

**च श्रम तथा रोजगार**

४०. श्रमिकहरुलाई मापदण्ड अनुसारको न्यायोचित पारिश्रमिक उपलब्ध गराउने नीति अवलम्बन गरिनेछ।

४१. **प्रधानमन्त्री युवा स्वरोजगार कार्यक्रम**लाई व्यवस्थित गर्न साझेदारी कार्यक्रम संचालन गरिनेछ।

४२. लघु उद्यमलाई प्रोत्साहन गर्ने उद्देश्य अनुरुप बेरोजगार युवा, महिला र फरक क्षमता भएक व्यक्तिहरुको आर्थिक स्तर सुधार्न लघु उद्यम सञ्चालनका लागि अनुदान प्रोत्साहनको व्यवस्था गरिनेछ।

४३. आयआर्जन तथा सीपमूलक तालिमहरु जस्तै ग्रिल निर्माण, मोबाइल मर्मत, मोटरसाईकल मर्मत, ड्राईभिङ्ग, अचारबनाउने, कुकिङ्ग तथा अतिथि सत्कार, इलेक्ट्रिसियन आदि सम्बन्धि तालिम सञ्चालन गरिनेछ।

४४. सुरक्षित आप्रवाशन (सामी) कार्यक्रम संचालन तथा व्यवस्थापनको लागी आवश्यक श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको ५०% र यस नगरपालिकाको ५०% साझेदारीमा सामी कार्यक्रम संचालन गरिनेछ।

४५. वैदेशिक रोजगारीलाई सुरक्षित मर्यादित र व्यवस्थित गर्न पालिकास्तरीय अभिमुखीकरण कार्यक्रम गरिनेछ।

४६. श्रम तथा पुनः श्रम स्वीकृतिको लागि पालिका स्तरका युवा वर्ग लाई निरन्तर सेवा दिनको लागि कर्मचारी को क्षमता अभिबृदि गर्न श्रम स्वीकृति सम्बन्धी तालिम संचालन गरी श्रम स्वीकृतिलाई व्यवस्थित र मर्यादित बनाईनेछ ।

४७. रोजगार संबाद मंच सम्वन्धी विभिन्न सरोकारवाला र रोजगारदाता संग छलफल गरी रोजगारी लाई पुर्णता दिईनेछ।

४८. श्रम सम्बाद समिति गठन गरिनेछ।

४९. नगरपालिका अन्तर्गत करार सेवामा कार्यरत कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आवद्द गरिनेछ।

५०. बैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुका लागि रोजगार सम्बन्धी छलफल तथा अन्तर्क्रिया कार्यक्रम गरिनेछ।

५१. अन्तराष्ट्रिय श्रमिक दिवश पारेर पालिकाका उत्कृट श्रमिकलाई सम्मान तथा मजदुर दिवश सभ्य र भव्य रुपमा मनाई श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम गरिनेछ।

५२. स्थानीय तहको रोजगार रणनीति लाई कार्यान्वयन गर्नका लागी विभिन्न सरोकारवाला र रोजगारदातासंग रोजगारी अभिवृदि सम्बन्धी धारणा संकलन गरिनेछ।

<u>**सामाजिक विकास क्षेत्र तर्फ**</u>

**क. स्वास्थ्य तथा पोषण**

५३. **स्वच्छ नगर, स्वस्थ नगरवासी** नीति लिई लम्कीचुहा नगर अस्पतालमा सरल र सहजरुपमा स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक पूर्वाधार, जनशक्ति, प्रविधि र उपकरणको व्यवस्था लाई निरन्तरता दिइनेछ।

५४. महिलाहरुको पाठेघरको मुखको क्यान्सर रोकथाम तथा नियन्त्रणका लागि निश्चित उमेर समूहका किशोरीहरुलाई निशुल्क एच. पि. भि. खोप कार्यक्रमलाई निरन्तरता दिइनेछ।

५५. लम्कीचुहा नगरपालिका वडा नं. १० मा निर्माणाधीन चुहा अस्पतालसँग जोडिएका समस्या समाधान गरी निर्माण कार्यलाई तदारुकता दिइनेछ।

५६. **नगरप्रमुख संग मातृशिशु स्वास्थ्य तथा सुरक्षा कार्यक्रम** अन्तर्गत सुत्केरी तथा गर्भवती आमाको लागि पोषण प्याकेजको व्यवस्था गर्ने र **नगरप्रमुखसँग छोरी कार्यक्रम** अन्तरगत लम्कीचुहा नगरभित्र छोरी जन्माएका आमाहरुको छोरी स्याहार भत्तालाई वृद्धि गरी कार्यक्रमलाई निरन्तरता दिइनेछ।

५७. गरीब, दलित, अपाङ्ग, आदिवासी जनजाति, विपन्न र पिछडिएको वर्गको स्वास्थ्य विमाका लागि शतप्रतिशत अनुदान रकमलाई निरन्तरता दिइनेछ।

५८. उपचारका क्रममा अस्पतालमा मृत्यु भएका व्यक्तिहरुका शव घरसम्म ल्याउन तथा कुनै पनि दुर्घटनाबाट मृत्यु भई पोष्टमार्टमका लागि अस्पतालसम्म लैजान र मृतकको शव घाटसम्म लैजान निशुल्क शव-वाहनको व्यवस्थालाई व्यवस्थित गरिनेछ।

५९. निशुल्क सेवा दिन फ्रि एम्बुलेन्स सेवालाई चुस्तदुरुस्त बनाइने छ ।

६०. लम्कीचुहा नगरपालिका भित्रका स्वास्थ्य चौकी तथा आधारभुत स्वास्थ्य केन्द्रहरुलाई व्यवस्थित गरी प्रयोगशाला सहितको सेवा प्रवाहका लागि आवश्यक व्यवस्थापन गरिनेछ।

६१. महिला स्वास्थ्य स्वयंम सेविकाहरुलाई वितरण गर्दै आएको प्रोत्साहन भत्ता बृद्धि गरी कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६२. थारु जातिमा देखिने **सिकलसेल एनिमिया रोग**को जाँच गर्ने कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ।

सुशिला शाही
नगर प्रमुख

६३. स्वास्थ्य संस्थाबाट नियमित भइरहेका मातृशिशु पोषण, खोप, स्वास्थ्य परीक्षण, गर्भवती महिला स्वास्थ्य परीक्षण तथा पोषण,सुत्केरी महिलाको हेरचाह र परिवार नियोजन कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ, साथै नेपाल सरकारबाट सूचीकृत औषधीहरु निःशुल्क उपलब्ध गराइनेछ।

६४. स्वास्थ्य स्वयंसेविकाहरुको अवकाश पश्चातको जीवनयापनलाई सहज गर्नका लागि सामाजिक सुरक्षाको प्रत्याभुती दिलाईनेछ साथै आफ्नो कार्यकाल पूरा गरी अवकाश लिएमा प्रोत्साहन स्वरूपको रकम वृद्धि गरी उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६५. लम्कीचुहा नगरपालिका भित्र बसोवास गर्ने विपन्न नागरीकहरुका लागि नगरपालिका भित्रका सबै अस्पतालबाट निःशुल्क बेड उपलब्ध हुने प्रबन्ध मिलाइनेछ र नगरपालिकाका सबै वडाहरुमा बर्थिङ सेन्टर निर्माण गरी संचालनमा ल्याइनेछ।

६६. रक्तदान सम्बन्धी जानकारी गराउन तथा रक्तदान गर्न उत्प्रेरित गर्नका लागि अभिमुखिकरण कार्यक्रमहरु संचालन गरिनेछ। र ब्लडबैंकको स्थापना गरिनेछ।

६७. शव सुरक्षित राख्न नगर अस्पतालमा चिस्यानगृह निर्माण गरीने छ र चिस्यान मेसिन खरिद गरीनु का साथै लम्कीचुहा अस्पतालमै पोस्टमार्टम हुने व्यवस्था मिलाईनेछ।

## ख.शिक्षा तथा खेलकूद

६८. नगरपालिकाले उपलब्ध गराउँदै आएको आधारभूत तह प्रा.वि., तथा नि.मा.वि. र मा. वि. नगर अनुदान, बालविकास शिक्षक, नगर क्षेत्रका सामुदायिक सिकाइ केन्द्रका सामाजिक परिचालिका तथा विद्यालय कर्मचारीहरुको अनुदानमा बृद्धि गरिनेछ। साथै नगर अनुदान शिक्षकहरुलाई पोसाक भत्ता दिने व्यवस्था गरिनेछ।

६९. माध्यमिक तह कक्षा ९ र १० सम्म निशुल्क गर्ने विद्यालयहरुलाई पानी, विद्युत, मर्मत सम्भार, शौचालय सरसफाइ रंगरोगन लगायतका खर्च र विद्यालयमा आवश्यक नगर शिक्षक कोटा थप गरी स्थानीय शिक्षण सिकाइ अनुदान उपलब्ध गराइनेछ।

७०. नगरपालिका क्षेत्रभित्र खुलेका परम्परागत विद्यालय गुरुकुल, मदरसा तथा गुम्बाको विकासको लागि भौतिक संरचना निर्माणमा अनुदान तथा शिक्षण सिकाइ अनुदान उपलब्ध गराइनेछ।

७१. कृषि इन्जिनियर, एम. वि. वि. एस र होटेल म्यानेज्मेन्ट विषयमा अध्ययन गरी रहेका विद्यार्थीहरुलाई तोकिएको शर्त बमोजिम **नगर प्रमुख छात्रवृति कार्यक्रम**लाई निरन्तरता दिइनेछ।

७२. माध्यामिक शिक्षामा प्राविधिक शिक्षालाई जोड दिन पहल गरिनेछ। र लम्की बहुमुखी क्याम्पसलाई भौतिक संरचना निर्माणमा आवश्यक सहयोग गरिनेछ।

७३. संस्थागत **(Boarding)** विद्यालयहरुको वर्गीकिरण, शुल्क निर्धारण तथा उत्कृष्ट विद्यालयलाई पुरष्कृत गर्ने र न्यूनतम मापदण्ड पूरा नभएका तथा अनुमति नै नलिई कक्षा सञ्चालन गरेका विद्यालयहरुको अनुमति खारेजी तथा तह घटाउने नीति लिइनेछ।

७४. भौतिक पूर्वाधार अपुग भएका सामुदायिक विद्यालयको पूर्वाधार बालमैत्री, अपाङ्गमैत्री र महिलामैत्री बनाइनुका साथै सामुदायिक विद्यालयमा आवश्यकता अनुसार विभिन्न साधन तथा उपकरण उपलब्ध गराइने छ र विद्यालयका टिनको छानोमा फल्स सिलिङ राख्न आवश्यक व्यवस्था गरिनेछ।

७५. सामुदायिक तथा संस्थागत विद्यालयलाई अतिरिक्त क्रियाकलाप अन्तरगत खेलकूदका कार्यक्रमहरुमा समान सहभागिता गराइने र योग अभ्यास गतिविधिमा सरिक गराउने नीतिलाई निरन्तरता दिइनेछ।

७६. सामुदायिक विद्यालयमा छात्राहरुको सेनिटरी प्याडको प्रयोग मनोभावना, व्यवहार, ज्ञान र सीपको आदान प्रदान गर्न **छात्रासँग नगर प्रमुख कार्यक्रम** सञ्चालन गरिनेछ। विद्यालयलाई **सेनिटरी प्याड भेन्डिङ मेसिन** र डिस्पोजल मेसिन उपलब्ध गराइनेछ।

७७. पूर्ण अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक, दलित, जनयुद्ध, जनआन्दोलनका घाइते र बेपत्ता भएका परिवारका गरीब जेहेन्दार विद्यार्थीलाई निशुल्क शिक्षा प्रदान कार्यक्रम लागु गरिनेछ।

७८. **नगर प्रमुख छात्रवृत्ति कोष** स्थापना गरी लम्की बहुमुखी क्याम्पसका विभिन्न संकायमा उत्कृष्ट नतिजा हासिल गर्ने **छात्रालाई नगर प्रमुख छात्रवृत्ति** प्रदान कार्यक्रमलाई निरन्तरता दिइनेछ।

७९. सामुदायिक विद्यालय तर्फ कक्षा १२ को परीक्षामा सर्वोत्कृष्ट **GPA** ल्याउने विद्यार्थीहरुलाई पुरस्कृत गरिनेछ।

सुशिला नगर प्रमुख

८०. सामुदायिक विद्यालयमा प्रधानाध्यापकको छनौटका लागि आवश्यक मापदण्ड र कार्यविधि तयार गरी करार सम्झौताका आधारमा प्र. अ.नियुक्ति गर्ने व्यवस्था गरिनेछ।

८१. लम्कीचुहा नगरक्षेत्र भित्रका सामुदायिक विद्यालयहरुको प्रशासनिक कामको सहजताका लागि सामुदायिक विद्यालयलाई सवारी साधन उपलब्ध गराउने नीति तय गरीएकोछ।

८२. लम्कीचुहा नगरपालिकाभित्र सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरुको भूमिका प्रभावकारी बनाई भौतिक स्रोत साधन सम्पन्न बनाइनेछ।

८३. विद्यार्थीहरुले आफूले निर्माण गरेका र सिकेका सीपहरुको प्रदर्शन गर्ने अवसर दिने र **तपाईंको सीप हाम्रो लगानी : पढौँ पढाऔँ गरौँ आम्दानी** भन्ने नाराका साथ पढ्दै कमाउँदै कार्यक्रमलाई कक्षा १२ सञ्चालन भएका विद्यालयमा उत्पादनको आधार हेरी अनुदान दिने व्यवस्था मिलाइनेछ।

८४. विभिन्न वडा भित्र स्कुल जाने उमेर समूहका बालबालिका र किशोर किशोरीहरु विच मानसिक स्वास्थ्य समस्या सम्बन्धि मनोपरामर्श कार्यक्रम संचालन गरिनेछ।

८५. विद्यालय परिसरमा फलफूल तथा छायाँदार बोटविरुवा वृक्षारोपण गरी हरित विद्यालयको अवधारणा अबलम्बन गरी सो को अनुगमन र मूल्याङ्कन गरी विवरण तयार गरिनेछ।

८६. **स्वास्थ्यको लागि खेलकूद, व्यक्तित्व निर्माणका लागि खेलकुद** नारालाई आत्मसात गर्दै विद्यालय तहदेखि नै विद्यार्थीहरूलाई खेलकूदका क्रियाकलापमा संलग्न गराइनेछ।

८७. लम्कीचुहा नगरपालिकाका वडाहरूमा **वडा अध्यक्ष कप खेलकूद प्रतियोगिता** सञ्चालन गरिनेछ।

८८. प्रत्येक बर्ष नगर स्तरीय **मेयर कप खेलकूद प्रतियोगिता** सञ्चालन गरी खेलाडीहरुलाई प्रोत्साहित गर्ने नीति लिइनेछ ।

८९. **उपमेयर महिला फुटबल प्रतियोगिता** कार्यक्रम संचालन गरिनेछ।

९०. व्यवस्थितनगरमा रहेको खेलमैदानलाई क्रिकेट मैदान र भुरुवा स्थित पंचकोशी खेलमैदानलाई फुटवल मैदानको रुपमा विकास गरिनेछ।

९१. ज्ञानकुञ्ज सामुदायिक सिकाइ केन्द्र लम्कीचुहाको **सामुदायिक कार्यालय भवन** निर्माणको लागि आवश्यक अनुदानको व्यवस्था गरिनेछ।

९२. लम्कीचुहा नगरपालिकाको स्थानीय बासिन्दाले विद्यावारिधि **(PHD)** गरेमा एकमुस्ट रू. दुई लाखसम्म अनुदान दिइनेछ।

९३. सामुदायिक विद्यालय शौचालय सरसफाइ कार्यक्रममा हाल दिइरहेको मासिक अनुदान रकममा वृद्धि गरिनेछ।

९४. सामुदायिक विद्यालयलाई प्रदान गर्दै आईरहेको सेनिटरी प्याड वितरण कार्यक्रम क्याम्पस तथा संस्थागत विद्यालयलाई पनि प्रदान गरिनेछ।

९५. विषयगत र कक्षागत तहका आधारमा थप नगर अनुदान कोटा वितरण गरिनेछ।

९६. विद्यालयमा रेष्ट वेड वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

९७. शिक्षक कर्मचारीहरुको दरबन्दी मिलानको कार्यक्रमलाई निरन्तरता दिईनेछ।

९८. अस्थायी प्रकृतिका शिक्षकहरु, बाल विकास शिक्षक तथा विद्यालय कर्मचारीहरुको अनिवार्य रुपमा कार्यसम्पादन मूल्यांकन फाराम भराई मूल्यांकन गरिनेछ।

९९. सामुदायिक सिकाई केन्द्रलाई परिचालन गर्नका लागि नयाँ कार्यकम थप गरी लागु गरिनेछ।

१००. दिवा खाजा विद्यालयमा बनाई वितरण कार्यलाई प्रेत्साहन गरिनेछ।

१०१. एक विद्यालय एक नर्स कार्यक्रम लागु गरिनेछ।

## ग. खानेपानी तथा सरसफाइ

१०२. लम्कीचुहा नगरपालिका वडा नं. एक, दुई,तीन,चार र पाँच मा संचालनमा रहेका विभिन्न खानेपानी संस्थाहरुलाई यथाशीघ्र लम्की साना शहरी खानेपानी उपभोक्ता सरसफाइ संस्थासंग एकीकृत गरी कर्णालीको पानी लम्की वासीलाई परियोजनामा जोडेर बृहतर शुद्ध खानेपानी आयोजना संचालन गरी साझेदारी कार्यक्रम अन्तर्गत आवश्यक बजेटको व्यवस्था गरिनेछ।

१०३. शुद्ध खानेपानी नीति अनुरुप नगर क्षेत्रमा **एक घर एक धारा** को व्यवस्था गरिनेछ।

१०४. बलिया खानेपानी, बचैला डम्मरीया खानेपानी, बाघमारा खानेपानी, हरैयापुर खानेपानी, बौद्दगुम्बा खानेपानी, प्रतापपुर खानेपानी, खरौला खानेपानी लगायतका खानेपानी संस्थाहरुलाइ आवश्यक ट्रान्सफर्मर लगायतका उपकरणहरुको व्यवस्था गरिनेछ।

१०५. खानेपानीमा पाइने रासायनिक पदार्थ (आइरन, आर्सेनिक, म्याङ्गनिज, अमोनिया, नाइट्रेट, फ्लोराइड) को जाँच गर्ने प्रयोगशालाको व्यवस्था गरिनेछ।

१०६. खानेपानी सरसफाइ तथा स्वच्छता सूचना व्यवस्थापन प्रणाली निर्देशिका निर्माण गरी लागु गरिनेछ।

## घ. महिला बालबालिका तथा समाज कल्याण

१०७. महिला उत्थान सशक्तीकरण, महिला नेतृत्व विकास, लैङ्गिक समानता, महिला सामाजिक सहभागिता एवं महिला सीप विकासका कार्यक्रम संचालन गरिनेछ।

१०८. बाल मजदुर राख्न नदिइने र बालशिक्षा र पोषणको अधिकार सुरक्षित गरीने छ र **नगर स्तरीय बाल क्लब तथा बालसंजालहरु गठन** गरी बालबालिकाको सर्वाङ्गीण विकासमा टेवा पुग्ने गरी कार्यक्रम सञ्चालन गरीने छ र **मानवसेवा बाल चेतना केन्द्र** (लम्की मानव सेवा) को आवश्यक भवन निर्माण गरिनेछ।

१०९. स्थानीय बाल अधिकार संरक्षण समिति, बालसंजालका गतिविधिहरुलाइ प्रभावकारी रुपमा संचालन गरिनेछ।

११०. लम्कीचुहा नगरपालिकालाई **सडक मानवमुक्त नगरपालिका** घोषणा गरिनेछ।

१११. जातीय छुवाछुत र विभेदलाई सामाजिक अपराधको रुपमा लिँदै शून्य सहनशीलताको नीतिको अवलम्बन गरी दलित, आदिबासी तथा जनजातिहरुको शिक्षा, सीप, स्वास्थ्य र रोजगारीका अवसरमा पहुँच वृद्धि गर्नुका साथै भाषा, धर्म, संस्कृति, कला, सीप र परम्परालाई प्रवर्द्धन तथा सम्वर्द्धन गरिनेछ।

११२. दलित, आदिवासी तथा जनजातिका परम्परागत सीप र कलाको संरक्षण तथा आधुनिकीकरण गर्न जोड दिइनेछ।

११३. विद्यालयसम्म पहुँच नभएका दलित बालबालिकाहरुलाई विशेष सहुलियत दिई पठनपाठनमा सरिक गराइनेछ।

११४. अपाङ्गता भएका व्यक्तिहरुको शिक्षा, स्वास्थ्य, आवश्यक स्रोत साधन सहित आवासको व्यवस्थापन गर्नेगरी **अपाङ्ग ग्राम** निमार्णका लागि आवश्यक पहल गरिनेछ।

११५. आर्थिक अवस्था कमजोर भएका दलित महिलाहरुको लागि आयआर्जनमा सहयोग पुग्ने तालिम संचालन गरिनेछ।

११६. महिला बालवालिका अपाङ्गता जेष्ठ नागरीक हरुका लागि विभिन्न दिवसीय कार्यक्रम हरु संचालन गरिनेछ।

११७. **कमलरी तथा मुक्त कमैयासँग उपमेयर कार्यक्रम** सञ्चालन गरी कम्लरी तथा मुक्त कमैयाहरुलाई शिक्षा, सीप र रोजगारमूलक कार्यक्रममा सहभागी गराइने छ।

११८. बडघर, भलमन्सा, चिराकी प्रथाको नियम बनाई संरक्षण तथा सम्बर्द्धन गरिनुका साथै नगर भलभन्सा भवनको निर्माणको पहल गरिनेछ।

११९. लम्कीचुहा नगरपालिकाका निर्वाचित भलमन्सालाई मोबाइल र चिराकीलाई साइकल उपलब्ध गराइनेछ।

१२०. आवश्यक स्थानमा **ज्येष्ठ नागरिक दिवा मिलन केन्द्र** स्थापना गरी सुबिधा सम्पन्न बनाइने छ र ज्येष्ठ नागरिक दिवसको अवसरमा ज्येष्ठ नागरिकहरुलाई सम्मान गरिनेछ।

१२१. राजी, सोनाहा जस्ता लोपोन्मुख जातिको संरक्षण तथा बस्ती व्यवस्थापन गरिनेछ।

१२२. मुक्त कमैया, वादी र सोनाहा जातीका +२ र उच्च शिक्षा पढने छोरी बुहारीलाई पठनपाठनमा प्रोत्साहित गर्न साईकल वितरण कार्यलाई निरन्तरता दिइनेछ।

१२३. चेलिवेटी बेचबिखन, यौनशोषण तथा घरेलु हिंसाबाट पीडित महिलाको सहायताका लागि **सेफ हाउस निर्माण**का लागि प्रभावकारी ढंगले कार्य अघि बढाइनेछ।

१२४. लैङ्गिक हिंसाविरुद्ध व्यापक जनचेतना अभिवृद्धि गर्दै महिला सशक्तीकरणका लागि विभिन्न सरकारी तथा गैर-सरकारी संस्थासंग समन्वय गरी कार्यक्रम सञ्चालन गरिनेछ।

१२५. बौद्ध धर्मवालम्वी, दसनामी सन्यासी, ईसाइ धर्मावलम्वी र मुस्लिम जातिको शव संस्कारको लागि क्षेत्र निर्धारण गरी व्यवस्थापन गरिनेछ।

१२६. भाडामा बसेका र अन्य कारणले घरमा काजकिरिया गर्ने वातावरण नभएका व्यक्तिका लागि नगरपालिकाभित्र एउटा सामाजिक संस्कार भवन (किरिया घर) निर्माण गरिनेछ।

१२७. निम्न आय स्तरका मृतकका परिवारलाई मृत्यु संस्कार खर्च उपलब्ध गराइनेछ।

१२८. लम्कीचुहा क्षेत्रभित्रका रातो कार्ड प्राप्त अपाङ्गता, निलो कार्ड प्राप्त दृष्टिविहीन अपाङ्गलाई मासिक प्रोत्साहन भत्ता दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१२९. **लम्कीचुहाको चाहना, दुर्व्यसन मुक्त समाजको कामना** भन्ने मूल नारालाई आत्मसात गर्दै लागुपदार्थ दुर्व्यसन विरुद्ध सचेतना जगाउने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१३०. लागुपदार्थ दुर्व्यसन तथा अन्य प्रकारका कुलतमा लागेका किशोर किशोरीहरुलाई पुनर्स्थापनाका लागि सुविधा सम्पन्न सामुदायिक सुधार केन्द्रको निर्माण गरिनेछ ।

१३१. बालमैत्री स्थानीय शासन संचालनका लागि बालश्रममुक्त नगरपालिका घोषणा गरिनेछ ।

१३२. दलित महिला सशक्तीकरण तालिम, किशोरीहरुका लागि आत्मरक्षा तालिम, बडघर, गुरुवा, धामी-झाँक्री, बालबिबाह विरुद्ध सचेतिकरण कार्यक्रम संचालन गरिनेछ ।

१३३. अपांगता भएका व्यक्तिहरुका लागि आवश्यक सहायक सामग्री बैशाखी, सेतो छडी, ह्वील चियर, ट्राइ साइकल, कृत्रिम हातखुट्टा, एयर फोन आदिको व्यवस्था गरिनेछ ।

## पुर्वाधार विकास क्षेत्र तर्फ

### क. भवन, आवास, बस्ती, सहरीविकास, भू उपयोग तथा भूमि व्यवस्थापन

१३४. लम्कीचुहा नगरपालिका वडा नं ०४ को भल्कामा बहु-उद्देश्यीय सीटी हल निर्माण र संग्रहालय निर्माण कार्यलाई तदारुकताका साथ अघि बढाईनेछ ।

१३५. अतिविपन्न र बादीबस्तीका परिवारका लागि **मेयर आवास निर्माण कार्यक्रम**लाई निरन्तरता दिइनेछ ।

१३६. **हाइमास्ट लाइट** जडानलाई निरन्तरता दिँदै अन्य ठाउँमा सडक बत्तीको व्यवस्था गर्ने, सडकमा रहेका सोलार बत्तीको मर्मत सम्भार र व्यवस्थापन गरिनेछ ।

१३७. नगर क्षेत्रभित्रका विभिन्न वडामा रहेका खेलमैदानहरु क्रमशः पञ्चकोशी, दिपेन्द्र, खड्का टोल, बाघमारा, मलभंगा, बचेला, अमरपुर, कौवापुर खल्ला, बघौरा, बधिनियाँ, मोतीपुर, प्रतापपुर, चाँगाबाडी लगायतका ठाउँमा रहेका खेलमैदानहरु निर्माण गरिनेछ ।

१३८. सार्वजनिक तथा निजी भवनहरुको निर्माण गर्दा **सुरक्षित भवन : बलिया संरचना** भन्ने अभियानका साथ राष्ट्रिय भवन संहिताको पालनामा जोड दिई निरन्तर अनुगमन गरिनेछ ।

१३९. लम्कीचुहा न. पा. वडा नं. ४ छोट्की बलियामा रहेको साझा संस्थाको जग्गाको परिसरमा घेरापर्खाल निर्माण गरिनेछ ।

१४०. बजारको सौन्दर्यीकरण गर्न आवश्यकता अनुसार पसलहरुको वर्गीकरण गरी व्यवस्थापंन गर्न सम्बन्धित उद्योगी, व्यवसायी तथा सम्बन्धित संघसंस्थाहरुसँग समन्वय गरी क्षेत्रगत रुपमाबजार व्यवस्थापन गरिनेछ ।

### ख. भू-उपयोग

१४१. लम्कीचुहा नगरपालिकाको क्षेत्रको स्पष्ट सीमांकन गरी छिमेकी पालिकाहरु सँगको सिमा विवाद समाधान गर्नुका साथै वडा तहको सिमालाई पनि अद्यावधिक गरिनेछ ।

१४२. भूमिहीन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोवासीको उचित व्यवस्थापन गर्ने र आ. व. २०८२/०८३ भित्र करिब ५००० घरमूलीलाई जग्गाधनी प्रमाणपुर्जा वितरण गरिनेछ ।

१४३. भूमि प्रशासनको स्थानीयकरण गर्न नगरपालिकामा मालपोत तथा नापी सेवा प्रदायक कार्यालयको स्थापना गर्न पहल गरिनेछ ।

१४४. लम्कीचुहा नगरपालिकाको संरक्षणका रहेका सबै वडाका सार्वजनिक जग्गाहरु वडाको सिफारिसमा नगरपालिकाले भाडामा दिने व्यवस्था गरिनेछ ।

१४५. **सम्पूर्ण जग्गाको वर्गीकरण : कृषि योग्य जमिनको संरक्षणको** मूल नाराका साथ कृषि, आवास, व्यवसाय, औद्योगिक, खानी तथा खनिज, नदी, खोला, ताल, सिमसार, साँस्कृतिक तथा पुरातात्विक, वन, सार्वजनिक उपयोग र अन्य क्षेत्र सहित विभिन्न भागमा वर्गीकरण गरी नगरमा भू-उपयोग नियमावली लागु गरी कार्यान्वयनलाई निरन्तरता दिइनेछ ।

१४६. भू -उपयोग सम्बन्धमा स्थानीय भू-उपयोगको लागि तपसिल बमोजिम गरीने छ :

क. भू-उपयोग नियमावली २०७९ अनुसार लम्कीचुहा नगरपालिका क्षेत्रभित्र रहेका वडा नं. १ देखि १० भित्रका जग्गाहरुको भू-वर्गीकरण गर्ने । लम्कीचुहा नगरपालिका क्षेत्रभित्र रहेका ऐलानी, पर्ती जग्गामा निर्माण भएका घरहरुको घरबहाल कर संकलनका लागि लगत संकलनसहित सेवाग्राहीहरुलाई करको दायरामा ल्याउने योजना बनाउने ।

ख. भूमिहीन दलित, भूमिहीन सुकुम्बासीहरुको पहिचान गरी नगर आवास योजना र जग्गा नभएको हकमा एकीकृत बस्ती व्यवस्थापन गर्ने ।

ग. सार्वजनिक सरकारी, ऐलानी, पर्ती जग्गाहरुमा रहेका झरन, कुलो, नाला, नहर तथा बाटोहरुको मापदण्ड तयार गर्न आवश्यक बजेट व्यवस्था गर्ने ।

घ. नापनक्शा गर्न बाँकी रहेका ऐलानी, पर्ती जग्गाहरुको नापनक्शा कार्य यथाशीघ्र अघि बढाउन आवश्यक बजेट व्यवस्था गर्ने ।

१४७. लम्कीचुहा नगर क्षेत्रका प्रवेश बिन्दु क्रमश चिसापानी,चुहा र अमौरीमा स्वागत प्रवेशद्वार निर्माण गरिनेछ ।

१४८. ट्रमा सेन्टर पुनस्थापना केन्द्र तथा अन्य भौतिक पूर्वाधार निर्माणका लागि दर्ता श्रेस्ता कायम भएको आवश्यकता अनुरुपको जग्गा नियमानुसार खरिद गरी सेवा विस्तार गरिनेछ ।

## ग. सडक पुल तथा यातायात व्यवस्था

१४९. **गुणस्तरीय पूर्वाधार:नगर विकासको आधार**को मूल नीति सहित नगर क्षेत्रको पूर्वाधार विकासलाई सेवामूलक, उत्पादनमूलक र स्थानीय अर्थतन्त्रमा टेवा पुग्ने गरी निर्माण गरिनेछ ।

१५०. लम्कीचुहा नगरपालिका भित्र यातायातलाई सहज बनाउन कार्यविधि बनाई **नगर बस सेवा** संचालन गरिनेछ । नगरभित्र चल्ने अटोरिक्साको भाडादर निर्धारण गरी एकरुपता कायम गरीने छ ।

१५१. लम्कीचुहा नगरपालिकाको चिसापानीदेखि पश्चिमी सीमासम्म पूर्वपश्चिम राजमार्गलाई चार लेनको बनाउन पहल गरिनेछ ।

१५२. आगामी आर्थिक बर्षमा संघ, प्रदेश र नगरपालिकाको लगानीमा ३० किलोमिटर सडक कालोपत्रे गरिनेछ । आ.व २०८०/०८१ मा कालोपत्रे गर्न प्रस्ताव गरीएका तथा सम्पन्न नभएका सडकहरुलाई कालोपत्रे गरिनेछ । सडक नालीलाई व्यवस्थित बनाइने छ ।

१५३. भौतिक पूर्वाधार निर्माणका लागि भौतिक साधनको मर्मत सम्भार, वातावरणमैत्री सडक विस्तार गरिनेछ । डुवान क्षेत्रको पहिचान गरी नाला निर्माणलाई प्राथमिकता दिइनेछ ।

१५४. नगरपालिकामा निर्माण हुने सडक, खानेपानी, मोटरेवल पुल, झोलुङ्गे पुल,सिंचाइँ आयोजना, अस्पताल भवन, विद्यालय भवन जस्ता पूर्वाधार निर्माण गर्दा नगर स्तरीय, प्रदेश स्तरीय र संघ स्तरीय योजनाको रुपमा संयुक्त लगानीमा निर्माण गरिनेछ ।

१५५. नगरपालिकाका विभिन्न खोला तथा नदीहरुका आवश्यक ठाउँहरुमा तटबन्धन, झोलुङ्गे पुल र पक्की पुल निर्माणको व्यवस्था मिलाइनेछ ।

१५६. भौतिक संरचनाको गुणस्तर मापनको लागि प्राविधिक प्रयोगशालालाई थप व्यवस्थित गरिनेछ ।

## घ. जलस्रोत विद्युत तथा वैकल्पिक उर्जा

१५७. बैकल्पिक उर्जामा आधारित आर्थिक गतिविधि र उद्यमशीलतालाई बढावा दिइनेछ ।

१५८. पेट्रोलियम पदार्थको उपयोगलाई न्यूनीकरण गर्दै नवीकरणीय उर्जा मार्फत दिगो हरित अर्थतन्त्र निर्माणमा जोड दिइनेछ । साथै विद्युतीय सवारी साधन खरिद तथा **चार्जिङ स्टेसन सञ्चालन** कार्यलाई निरन्तरता दिइनेछ ।

१५९. विद्युतीय चूलो जनतालाई सहुलियत दरमा वितरणका लागि संघीय सरकार तथा प्रदेश सरकार संग पहल गरिनेछ ।

## ङ. सूचना तथा संचार

१६०. नगरपालिकामा र सम्पूर्ण वडा कार्यालयहरुमा डिजिटल सूचना कक्षको स्थापना गरिनेछ । र सूचनाको हकलाई पूर्णरुपमा सुनिश्चित गरिनेछ ।

१६१. युवाहरुलाई रेडियो उद्घोषण तथा पत्रकारिता सम्बन्धी प्रशिक्षण कार्यक्रम सञ्चालन गरी जनशक्ति उत्पादन तथा समुदायमा आधारित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१६२. नगरभित्र रहेका सञ्चार माध्यमहरुलाई प्रोत्साहन र अनुदानको कार्यक्रम निरन्तर गर्ने नीति लिइनेछ।

१६३. **जनतासंग मेयर कार्यक्रम** अन्तर्गत संचारमाध्यम तथा सार्वजनिक स्थलमा कार्यक्रम संचालन गरि नगरबासीहरुका जनगुनासो सम्बोधन गरिनेछ।

## वन वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र तर्फ

### क. वन तथा जैविक विविधता

१६४. **हरियो वन प्रकृतिको उपहार: वातावरणीय अनुकूलता अक्षय जलाधार** भन्ने मान्यतामा रही प्राकृतिक स्रोतसाधनको उपयोग, संरक्षण तथा व्यवस्थापनमा स्थानीय समुदायको सहभागिता सुनिश्चित गरिनेछ।

१६५. जलाधार क्षेत्र, खानी तथा खनिज पदार्थ, वन्यजन्तु संरक्षण, खानीजन्य वस्तु तथा ढुङ्गा, वालुवा, गिट्टी, माटोको अनियन्त्रित दोहनलाई नियमन र नियन्त्रण गरिनेछ।

१६६. सामुदायिक, साझेदारी, निजी, कबुलियती वनमा जडीबूटी खेती, मसला खेती र फलफूल खेती गर्ने कार्यलाई प्रोत्साहित गर्ने नीति आत्मसात गरिनेछ।

१६७. स्थानीय सरकार र सामुदायिक वनको समन्वयमा वनपैदावार माथि उपभोक्ताको अधिकार र दायित्व सुनिश्चित गरिनेछ।

१६८. नगर भित्र रहेका बन तथा वातावरणसँग सम्बन्धित संघसस्था र बैंक तथा वित्तीय संस्थासंग विद्यालय हाता तथा सडकका छेउछाउमा ट्रीगार्ड सहितको वृक्षारोपण गर्न आवश्यक समन्वय गरिनेछ।

१६९. धोबिनिया खोला, रोरा खोला, चोरी खोला, चरेला खोला र पथरिया खोला किनारमा तटबन्धन गरी बेतबाँस, बाँस, डाले घाँस लगायतका बोटविरुवा वृक्षारोपण गर्ने र अन्य खोला किनारका खाली जग्गामा बृक्षारोपण गरिनेछ।

१७०. हरेक सामुदायिक वन उपभोक्ता समितिलाई अनिवार्य रुपमा चरिचरण क्षेत्र छुट्याउन लगाइने छ।

### ख. भू-संरक्षण तथा जलाधार व्यवस्थापन

१७१. लम्कीचुहा नगरक्षेत्रभित्र रहेका धोविनीया, रोरा, चोरी, चरेला, पथरिया लगायतका नदीहरुको दिगो तटबन्धनका लागि रानीजमरा कुलरीया सिचाँइ आयोजनासंग आवश्यक समन्वय गरी तटबन्धनको कार्य प्रभावकारी रुपमा संचालन गरिनेछ।

१७२. लम्कीचुहा नगरपालिका भित्र रहेका आमपानी, रिठाइ ताल, बड्खोलार, ग्याङटीफाँटालाई जलाधार संरक्षण क्षेत्रका रुपमा विकास गर्न जोड दिइनेछ।

### ग. वातावरण तथा फोहोर व्यवस्थापन

१७३. लम्कीचुहा न.पा. वडा न.३ स्थित धोबिनिया खोलामा तयार पारिएको ल्यान्डफिल साइटमा फोहर व्यवस्थापन गर्न आधुनिक प्रविधिको प्रयोग गरी व्यवस्थित ल्यान्डफिल साइटको रुपमा व्यवस्थापन गरिनेछ। र फोहोरमैलाको वर्गिकरणसहितको व्यवस्थापनका लागि आवश्यक नीति तर्जुमा गरी लागु गरिनेछ। लम्की बजार क्षेत्रमा सार्वजनिक शौचालयको अभावलाई दृष्टिगत गरी सार्वजनिक शौचालयको व्यवस्था गरिनेछ।

१७४. लम्की बजार लगायत अन्य बजार क्षेत्रमा व्यवस्थित रुपमा ढल निकास निर्माण गरिनेछ। फोहोरमैलाको वर्गिकरणसहितको व्यवस्थापनका लागि आवश्यक नीति तर्जुमा गरी लागु गरिनेछ।

### घ. विपद व्यवस्थापन तथा जलवायु उत्थानशीलता

१७५. **स्थानीय विपद व्यवस्थापनको पूर्वतयारी : स्थानीय सरकारको जिम्मेवारी** नीति अवलम्बन गरी विपद्को पूर्व तयारी र न्यूनीकरण, विपदको समयमा राहत र उद्धार तथा विपद पछिको पुन निर्माणका लागि कार्यक्रम सञ्चालन गरिनेछ।

१७६. पूर्व तयारीका सम्पूर्ण गतिविधि, मानव संसाधन व्यवस्था, तालिम तथा क्षमता विकास, उद्धार केन्द्रहरुको स्थापना र औजार, साधन, स्रोतको व्यवस्था, स्वयं सेवक लगायत द्रुत उद्धार टोलीको व्यवस्था, सरोकारवालाको समन्वय र सहजीकरण लगायतका कार्यसम्पादन गर्न तयारी अवस्थामा राख्न चौबिसै घण्टा संचालन हुने गरी **आपतकालीन कार्यसञ्चालन केन्द्र**लाई थप प्रभावकारी बनाईनेछ।

१७७. विपद व्यवस्थापन कोष तथा सामाग्रीको व्यवस्थापन कार्यलाइ निरन्तरता दिइनेछ।

१७८. विपद जोखिम न्युनिकरण सम्बन्धी विविध जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

१७९. **उत्थानशील नगर सुरक्षित सहर प्रवर्द्धन** नीति लागु गरिनेछ ।

१८०. मौसम पूर्वाअनुमानलाई आकलन गरी जोखिम न्यूनीकरण तथा पूर्व तयारीका गतिविधिहरु संचालन गरीनुका साथै विपद् व्यवस्थापन सम्बन्धी तथ्यांकलाई प्रविधिमैत्री बनाइनेछ ।

## संस्थागत विकास तथा सुसाशन क्षेत्रतर्फ

### क. नीति, कानुन न्याय तथा सुशासन

१८१. नगरपालिका तथा वडा कार्यालयहरुमा नागरिक सहायता केन्द्रलाई व्यवस्थित गरी सरल र सहज रुपमा सेवा प्रवाह गरिनेछ ।

१८२. खर्चको विवरण नगरपालिकाको वेवसाइट मार्फत सार्वजनिकीकरण गर्ने प्रणालीको विकास गरिनेछ । र आन्तरिक लेखा परीक्षणलाई प्रभावकारी बनाइनेछ ।

१८३. नेपाल प्रहरीको समन्वयमा मुख्य चोकहरु तथा सम्वेदनशील क्षेत्रमा सीसी टिभी क्यामेरा जडान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१८४. नगरपालिकाबाट संचालित गतिविधि, विकास कार्यक्रम र सेवा प्रवाहको समग्रमा अधिकतम सार्वजनिकीकरण गरी पारदर्शिता र जवाफदेहितामा अभिवृद्धि गरिनेछ ।

१८५. नगरको नियमनकारी भूमिकालाई प्रभावकारी बनाई बजार, बालश्रम, विद्यालय, व्यवसाय दर्ता र सञ्चालन, मदिरा बिक्री-वितरण र सेवन, घर निर्माण, सार्वजनिक जगाको साँध, सीमाना, इन्धन डिपो, होटल, दुध डेरी, मासु पसल, औषधी पसल लगायतका नागरीक जनजीविकासँग सम्बन्धित विषयहरुलाई प्रचलित कानुनको अधीनमा कडाइको साथ अनुगमन गरी स्थानीय सरकारको अनुभूति गराइनेछ ।

१८६. मेलमिलाप कर्ताहरुलाई तालिम प्रदान गर्ने र सूचीकृत गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१८७. स्थानीय तहको न्यायिक अधिकार अन्तर्गत लम्कीचुहा नगरपालिकाको न्याय प्रणालीलाई स्वतन्त्र, पारदर्शी, पहुँच योग्य, सक्षम एवं विश्वसनीय बनाइनेछ ।

१८८. व्यवस्थित इजलासको व्यवस्था गरी कानुनी परामर्शदाताको व्यवस्थापन गरिनेछ ।

१८९. प्रत्येक वडामा मेलमिलाप केन्द्रका लागि आवश्यक कार्यालय व्यवस्थापनका साथै आवश्यक सामग्री व्यवस्थापन गरिनेछ ।

१९०. नगर प्रहरीको गठन भइ सकेको सन्दर्भमा परिचालन कार्यविधि अनुसार उत्पादनमूलक क्षेत्रमा नगर प्रहरी परिचालन गरिनेछ ।

१९१. प्रत्येक वडाका जनप्रतिनिधि तथा कर्मचारी एवं उपभोक्ता समितिलाई योजना संचालन तथा व्यवस्थापन सम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ ।

१९२. लम्कीचुहा नगरक्षेत्रभित्र प्रत्येक घरधुरीको आफ्नै डिजिटल ठेगाना प्रदानगरी विद्युत्, खानेपानी इन्टरनेट लगायतका सबै सेवा प्रदायकले ग्राहक नम्बरको लागि प्रयोग गर्न सक्ने, ग्रिडमा आधारित, अफ लाइन र गुगल प्लस कोड सहितको एकीकृत मौलिक डिजिटल ठेगाना प्रणाली लागु गरिनेछ ।

### ख. संगठनात्मक विकास, मानव संसाधन तथा सेवा प्रवाह

१९३. नगरपालिकाको प्रशासनिक तथा सांगठनिक संरचना र संस्थागत प्रणालीलाई चुस्त दुरुस्त,विश्वसनीय, क्षमतायुक्त एवं प्रभावकारी बनाउँदै अतिआवश्यक रिक्त दरबन्दीमाउपयुक्त प्रक्रियाबाट पदपूर्ति गरिनेछ ।

१९४. नगर र वडाका सबै कर्मचारीहरुको कार्यविवरण बनाई लागु गरिनेछ । र मासिक रुपमा कार्यप्रगतिको प्रतिवेदन पेश गर्ने व्यवस्था मिलाइनेछ ।

१९५. सार्वजनिक सेवा प्रवाहमा उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई प्रोत्साहन गरिनेछ

१९६. उत्कृष्ट कार्य गर्ने नगरपालिकाका कर्मचारी, करदाता, उपभोक्ता समिति, फोहरमैला व्यवस्थापन समिति, संचारकर्मीलाई पुरस्कृत गर्ने पद्धतिको थालनी गरिनेछ ।

१९७. नगर प्रहरीलाई अतिरिक्त समयमा समेत परिचालन गर्न प्रोत्साहन उपलब्ध गराउने नीति अवलम्बन गरिनेछ साथै आवश्यकता विश्लेषण गरी सोही बमोजिम नगर प्रहरी थप गरिनेछ।

## ग. राजश्व नीति तथा स्रोत परिचालन

१९८. राष्ट्रिय र स्थानीय आर्थिक स्थिति र बजारको आधारमा मूल्य निर्धारण समिति बनाई आवधिक कर पुनरावलोकन गरिनेछ। भूमिकर (मालपोत) जमीनको स्थान, प्रयोग र गुणस्तरको आधारमा लागु गरिनेछ।

१९९. लम्कीचुहा नगरपालिका भित्रका सम्पूर्ण उद्योगी तथा व्यवसायीलाई करको दायरामा ल्याउन अनिवार्य रुपमा नगरपालिकामा दर्ता तथा नवीकरण गर्ने व्यवस्था गरिनेछ।

२००. ऐन कानुन बमोजिम स्थानीय तहलाई प्राप्त राजस्व सम्बन्धी अधिकारको प्रयोग गर्दै राजस्वका सबै संम्भावनाका क्षेत्रहरुको खोजि गर्दै करका दरहरु निर्धारण गरिनेछ। प्राकृतिक स्रोत कर (दहत्तर बहत्तर, बालुवा, गिट्टि, ढुङ्गा) लगायतको निकासी प्रणालीलाई व्यवस्थित गरिनेछ। कर दिवसको अवसरमा उत्कृष्ट करदातालाई पुरस्कृत र कर छली गर्ने तथा कर नतिर्नेलाई दण्डित गरिनेछ।

२०१. राजश्व प्रशासनको क्षमता सुधारको लागि राजश्व सुधार योजना तर्जुमा गरीने र आवश्यक थप कार्यविधि, निर्देशिका र मापदण्ड लागु गर्दै आन्तरिक नियन्त्रण प्रणालीलाई थप बलियो बनाइनेछ।

२०२. राजस्व प्रशासनमा कार्यरत कर्मचारी तथा स्थानीय राजस्व परामर्श समितिको पदाधिकारीको क्षमता विकासको लागि आवश्यक तालिम, अन्तरक्रिया कार्यक्रम गराइने छ र घर बहाल कर संकलनलाई थप व्यवस्थित बनाउन लम्कीचुहा नगरपालिका भित्रका बजार क्षेत्र ग्रामीण क्षेत्र घर बहाल करको अधिकतम तथा न्युनतम दररेट तोकिने ब्यवस्था गरिनेछ।

२०३. कर संकलनलाई थप प्रभावकारी बनाई प्रक्षेपण गरीएको राजस्व समययमै संकलन गर्न वडा समितिलाई समेत परिचालन गर्ने तथा राजस्व परामर्श समिति मार्फत चौमासिक रुपमा अनुगमनको ब्यवस्था मिलाईनेछ।

२०४. राजस्व संकलनलाई पूर्ण रुपमा अनलाइन प्रणाली मार्फत संकलन गर्ने ब्यवस्था मिलाईनेछ।

२०५. **लम्कीचुहामा "कर संकलनको सारः लम्कीचुहामा विकास र समृद्धिको आधार"** भन्ने मुल नाराका साथ ब्यापक रुपमा करदाता शिक्षा कार्यक्रम लागु गरिनेछ।

२०६. करदाता सेवा कार्यालय लम्कीको लागि जग्गा व्यवस्थापन गरिनेछ।

## घ. तथ्याङ्क प्रणाली र योजना व्यवस्थापन

२०७. नगरपालिकाको आवश्यकता र प्राथमिकताको आधारमा सङ्घीय कानून बमोजिमका मापदण्ड पूरा गरी आन्तरिक तथा वैदेशिक सहायता लिने नीति अवलम्बन गरीने छ। साथै, विदेशी नगरका सहरहरुसँग भगिनी सम्बन्ध स्थापना तथा विस्तार गर्ने, अनुभव आदान प्रदान गर्ने र सो को माध्यमबाट वैदेशिक लगानी आकर्षण गर्ने नीति अबलम्बन गरीने छ।

२०८. आर्थिक वर्षको अन्त्यतिर योजना/कार्यक्रम परिवर्तन गर्ने तथा बजेट रकमान्तर गर्ने कार्यलाई निरुत्साहित गरिनेछ। साथै,योजना/कार्यक्रम परिवर्तन/संशोधन गर्दा साविकको योजना/कार्यक्रमको प्रभावकारिता भन्दाकम प्रतिफल दिने योजना/कार्यक्रमहरुलाई परिवर्तन गर्न नपाइने नीति अवलम्बन गरिनेछ।

२०९. पञ्जिकरण सेवा इकाईलाई निरन्तरता दिनुका साथै पञ्जिकरण सम्बन्धी स्थानिय पंजिका अधिकारीहरु लाई अभिमुखिकरण तथा तालिम प्रदान गरीने छ।

२१०. पञ्जिकरण विभागबाट आएका परिपत्र र कानुन सम्बन्धी स्थानिय जनप्रतिनिधीहरुलाई पुनर्ताजगी कार्यक्रम गरी जानकारी गराईने छ।

२११. देश भर प्रत्येक वर्ष बैशाख १ गते देखी ७ गते सम्म संचालन हुने व्यक्तिगत घटना दर्ता सप्ताह कार्यक्रमको निरन्तरताका लागि आवश्यक व्यवस्था गरिनेछ।

२१२. प्रत्येक वडामा मतदाता परिचयपत्र तथा राष्ट्रिय परिचय पत्र वितरण कार्यक्रमलाई सहज रुपमा संचालन गरिनेछ।

२१३. ज्येष्ठ नागरीक अन्य, ज्येष्ठ नागरीक दलित, ज्येष्ठ नागरीक एकल महिला, विधवा महिला, पूर्ण तथा अति अशक्त अपांगता भएका नागरीकहरुलाइ सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ।

**सम्मानित नगरसभामा उपस्थित नगरसभा सदस्यज्यूहरू,**

लम्कीचुहा नगरपालिका स्थानीय सरकारको तर्फबाट मैले हालसम्म प्राप्त उपलब्धिहरुलाई अझ सुदृढ बनाउदै, आर्थिक, सामाजिक र सांस्कृतिक सबै क्षेत्रको समतामूलक विकासका लागि**"समुन्नत, सुन्दर, सुशासन युक्त सहर, समृद्ध लम्कीचुहा नगर"** भन्ने दीर्घकालीन लक्ष्यसहित **"समृद्ध नगर खुसी नगरबासी"** को आकांक्षा पूरा गर्ने अठोटका साथ आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु।

यो कार्यक्रम बाल्यकालमा शिक्षा, स्वास्थ्य र पोषण, युवा अवस्थामा सीप, उद्यमशीलता र रोजगारी, जीवनको उत्तरार्धमा जेष्ठ नागरीकलाई सम्मान, संरक्षण, महिलालाई समतामूलक अवसर सिर्जनामा केन्द्रित छ।

यो नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट नगरको विकासको आधारशीला खडा हुनेछ, आर्थिक पारदर्शिता र सुशासन कायम हुनेछ। नगरको सेवाको गुणस्तर वृद्धि भई लम्कीचुहा उत्कृष्ट नगर सरकारको रुपमा नेपालको मानचित्रमा अंकित हुनेछ। यो नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सबै क्षेत्रबाट विशिष्ट योगदान प्राप्त हुनेछ भन्ने विश्वास लिएकोछु।**"लम्कीचहा नगरपालिकाको समृद्धिको आधार : शिक्षा, कृषि, पर्यटन र पूर्वाधार"** को लक्ष्यलाई पूर्णता दिन नगरवासी सबैको भरपूर सहयोगको अपेक्षा गरेको छु।

नगरको विकासमा देखाउनु भएको चासो र सुझावका लागि आ-आफ्नो क्षेत्रबाट रचनात्मक सुझाव र सहयोग प्रदान गर्नुहुने नगरसभाका सदस्यज्यूहरु, विषयगत समितिहरु, नगरको विकासमा योगदान पुर्‍याउनु हुने जनप्रतिनिधिज्यूहरु, राष्ट्रसेवक कर्मचारी, राजनैतिक दल, निजी क्षेत्र, सहकारी क्षेत्र तथा संघ संस्था, नागरीक समाज, बुद्धिजीवी वर्ग, शुभेच्छुक महानुभावहरु, सञ्चारजगत्, सुरक्षा निकाय तथा सम्पूर्ण नगरवासीहरुलाई धन्यवाद ज्ञापन गर्दछु।

**धन्यवाद !**

सुशिला शाही नगर प्रमुख

सुशिला शाही

नगर प्रमुख